# गोरखापत्र संस्थान

धर्मपथ, काठमाडौँ

## विज्ञापन सङ्कलन, प्रकाशन एवं विज्ञापन एजेन्सी सम्बन्धी निर्देशिका–२०५३

(परिमार्जन सहित संशोधित निर्देशिका–२०८२)

# गोरखापत्र प्रकाशनको पहिलो अङ्क

श्रीः

**सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः ॥**
**सर्वे भद्राणि पश्यन्तु मा काश्चिद्दुःख भाग्जनः ॥ १ ॥**

एक प्रति कौ २ आना

# गोर्खापत्र

एक प्रति को २ आना

निरोगी सबै हुन् सबै हुन् सुखीया । सबै वेस देखुन् नहुन् कै दुखीया ॥
सबै को यसै पत्र ले हाथ् सुहाओस् । सबै हर्षले दिल् सबै को भराओस् ॥ १ ॥

| | | | |
|---|---|---|---|
| भाग १ | साप्ताहिक समाचारपत्र | नेपाल सम्वत् १९९८ मिति ज्येष्ठवदी ३ सोमवार | संख्या १ |

## श्रीगणेशायनमः ।

विनायक नमस्तेऽस्तु शततं मोदकप्रिय ।
अविघ्नंकुरु मे देव सर्वकार्येषु सर्वदा ॥ १ ॥

जस्का नाम का सम्वन्ध ले हामि हरु गोर्खालि कहियेका छौं उनै गोरक्षकालि हरु को समझना गरी यो अखवार को आरम्भ गर्द छौं.

## नियम

योपत्र प्रति सोमवार ७।७ दिनमा अनेक तरह का विषयले युक्तभै प्रकाश हुन्छ.

२ गोर्खा पत्र को वर्ष दिनको सदर मोफसल सबैठाउ मा मूल्य ४ रुपिञा मात्र छ.

३ नमुना को १ कापि आये पाछि जस्लाई ग्राहक हुना को मन्सुवाछ उन्ले कृपा पूर्वक वर्ष दिन को मूल्य ४ रु० पठाई दिनूहोला. नत्र दोश्रो कापि आउन्या छैन.

४ ठेगाना वदलनू पर्‍यो भने आफ्नो नाम ठेगाना र नम्वर समेत लेखि पठाउनू होला नम्वर भने को अखवार मा टाँसिये को नाम ठेगाना भन्दा अघिल्तिर रहे को अङ्कहो, बुझनू होला.

५ विज्ञापन को छपाई १ वाजि मात्र छपाउन्या लाई १ पङ्क्ति को ।ऽ दोश्रा वाजि लाई ≡ धेरै वाजि छपाउन्या बन्दोवस्त छापाखाना मा सूचना दी दर्याफ्त गर्नू होला.

६ परदेशी ग्राहक हरु ले रु० पठाउँदा नोट् वा टिकट रजिष्टरी गरी छापाखाना का ठेगाना मा पठाउनू भया त्याहाँ आई पुग्छ फरक पर्दैन.

ठेगाना—
पं० नरदेव, मोतीकृष्ण शर्मा
"पशुपत–छापाखाना"
नेपाल.

## एडिटर्को राय ।

मुलुकमा धन र सुख इलम बाट हुने हुनाले र अज्ञान् जस्तो दुख अरु केही नहुनाले मुलुक को बढति हवस अज्ञान को दुख मेटा दुनिञा मा नरहोस भनी ठाँउ ठाँउ मा गरी ३५ पाठसाला राखि बक्से को हुनाले र डेढ मैन्हा भित्र मा दुनिञा को निम्ति अरु ७।८ ठुला ठुला काम गरी बक्सँदा सारा दुनिञा हरु ले ठुलो सुख पाया को हुनाले र देश देशावर को गैह खवर, अघिका ठुला ठुला मानिस हरु ले गरे को बुद्धि पुर्वक को चरित्र, देश देशान्तर मा मुलुक को उन्नती को काम भया को हाल आज काल बडा बडा बुद्धिमान मानिष हरुले बुद्धि फैलाइ ठुलो ठुलो काम गरे को खवर, समेत् छापा बाट थाहा हुने होला एर्नो आज सम्म नेपाल मा प्रकाश हुन नसके को मा छापा प्रकाश गर्ना लाइ हामि ले विन्ती चढाउँदा श्री ३ माहाराज बाट दुनिञा को फाईदा र मुलुक को उन्नति हुने हुना ले छापा प्रका-

**संशोधित विवरण**
१. पहिलो निर्देशिका संस्करण-२०५३
२. दोस्रो संशोधित निर्देशिका -२०६१
३. तेस्रो संशोधित निर्देशिका -२०६५
४. चौथो संशोधित निर्देशिका-२०६७
५. पाँचौ संशोधित निर्देशिका-२०७८
६. छैठौँ संशोधित निर्देशिका-२०८२

# गोरखापत्र संस्थान

## धर्मपथ, काठमाडौँ

### विज्ञापन सङ्कलन, प्रकाशन एवं विज्ञापन एजेन्सी सम्बन्धी निर्देशिका-२०५३

### (परिमार्जन सहित संशोधित निर्देशिका-२०८२)

**प्रस्तावना :**

प्रतिस्पर्धी एवं प्रविधियुक्त परिवेशमा गोरखापत्र संस्थानका प्रकाशनहरूमा बढीभन्दा बढी विज्ञापन आकर्षित गर्न र गोरखापत्र संस्थानलाई आर्थिक रूपले अझ बढी सक्षम र सबल बनाउन संस्थानको पहुँच व्यापक बनाउन समयानुकूल नीति र रणनीति अवलम्बन गर्नुपर्ने भएकोले यो गोरखापत्र संस्थान विज्ञापन सङ्कलन, प्रकाशन एवं विज्ञापन एजेन्सी सम्बन्धी संशोधित निर्देशिका-२०८२ संस्थानको आर्थिक विनियमावली २०६५ को अधीनमा रही जारी गरिएको छ।

## १. सङ्क्षिप्त नाम र प्रारम्भ :

क) यो निर्देशिकाको नाम 'गोरखापत्र संस्थान विज्ञापन सङ्कलन, प्रकाशन/प्रसारण एवं विज्ञापन एजेन्सी सम्बन्धी निर्देशिका-२०८२ रहेको छ।

ख) यो निर्देशिका गोरखापत्र संस्थानका प्रकाशनहरूका लागि विज्ञापन सङ्कलन र प्रकाशन हुने, छुट्टै पृष्ठ समावेश गरी वितरण, स्तम्भ वा कुनै प्रकाशन सामग्री वा विशेष ठाउँ प्रायोजन गर्ने र अनलाइन तथा सोसियल मिडिया जस्ता प्लेटफर्ममा लागू हुनेछ।

ग) यो निर्देशिका गोरखापत्र संस्थान सञ्चालक समितिको बैठकबाट पारित भएपछि लागू हुनेछ।

## २. परिभाषा :

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

**क**) **संस्थान** : संस्थान भन्नाले गोरखापत्र संस्थानलाई जनाउनेछ।

**ख**) **सञ्चालक समिति** : सञ्चालक समिति भन्नाले गोरखापत्र संस्थानको सञ्चालक समितिलाई जनाउनेछ।

ग) **प्रकाशन** : प्रकाशन भन्नाले संस्थानबाट हाल प्रकाशित भई रहेका प्रकाशन र प्रादेशिक प्रकाशन एवं अनलाइन संस्करणको अतिरिक्त पछि प्रकाशित हुने प्रकाशनलाई समेत जनाउनेछ ।

घ) **कर्मचारी** : कर्मचारी भन्नाले संस्थानको कर्मचारी सेवा सर्त विनियमावली २०८२ अनुसारका कर्मचारीलाई बुझाउनेछ ।

ङ) **निर्देशिका** : निर्देशिका भन्नाले गोरखापत्र संस्थान विज्ञापन सङ्कलन, प्रकाशन एवं विज्ञापन एजेन्सी सम्बन्धी निर्देशिका–२०८२ लाई बुझाउनेछ ।

च) **वेबसाइट भन्नाले**: गोरखापत्र संस्थानको आफ्नो आधिकारिक वेबसाइटः www.gorkhapatra.org.np लाई बुझाउने छ । साथै व्यापार विभागको Email Address,mgorkhapatra@gmail.com साथै संस्थानले समय/समयमा निर्धारण गरे अनुसार हुनेछ ।

छ) **अनलाइन विज्ञापन** : www.gorkhapatraonline.com.Digital Platform/Social media प्रसारण/प्रकाशन गरिने विज्ञापनलाई बुझाउनेछ ।

ज) **विज्ञापन दाता** : विज्ञापन दाता भन्नाले संस्थानका प्रकाशनहरू र Website/अनलाइनमा Facebook, Twitter, official, Media, Advotorial video advertisement, special diary मा आफ्ना उत्पादन प्रकाशन तथा प्रशारण गर्ने व्यक्ति, सङ्घ/संस्थालाई जनाउने छ ।

झ) **विज्ञापन एजेन्सी** : विज्ञापन एजेन्सी भन्नाले संस्थानका प्रकाशनहरूमा विज्ञापन सङ्कलन गर्न "गोरखापत्र संस्थान विज्ञापन सङ्कलन", प्रकाशन/प्रसारण एवं विज्ञापन एजेन्सी सम्बन्धी निर्देशिका –२०८२ अनुरूप संस्थानले मान्यता प्रदान गरेका विज्ञापन एजेन्सीहरूलाई जनाउनेछ ।

ञ) **व्यापार प्रतिनिधि** : व्यापार प्रतिनिधि भन्नाले संस्थानले विज्ञापन सङ्कलनका लागि व्यापार प्रतिनिधिका रूपमा कमिसन वा पारिश्रमिकमा नियुक्त व्यक्ति वा संस्था भन्ने बुझाउनेछ ।

ट) **व्यावसायिक विज्ञापन** : वस्तु तथा सेवाको विक्री प्रवर्द्धनका उद्देश्यले संस्थानका प्रकाशनहरूमा प्रकाशन/प्रसारण गरिने विज्ञापनहरूलाई बुझाउनेछ ।

ठ) **लोककल्याणकारी विज्ञापन** : व्यापारिक उद्देश्य नभई समाज कल्याणका दृष्टिले गरिने विज्ञापनहरू जस्तै स्वास्थ्य, शिक्षा, कृषि, सार्वजनिक हितका सूचना लगायतलाई बुझाउनेछ ।

ड) **एजेन्ट** : एजेन्ट भन्नाले संस्थानको प्रकाशनहरू विक्री वितरण तथा प्रवर्द्धन निर्देशिकाअनुसार संस्थानका प्रकाशनहरू विक्री वितरण गर्न नियुक्त व्यक्ति तथा संस्थालाई जनाउनेछ ।

ढ) **स्थानीय समाचारदाता** : संस्थानका प्रकाशनहरूमा स्थानीय समाचार सङ्कलनका लागि नियुक्त व्यक्तिलाई बुझाउनेछ ।

ण) **प्रायोजक** : प्रायोजक भन्नाले संस्थानका प्रकाशनहरूमा शुल्क भुक्तानी गर्ने गरी पूरै पृष्ठ वा निश्चित स्थानमा कुनै सामग्री प्रकाशन/प्रसारण गर्ने भन्ने बुझाउँछ ।

## ३. विज्ञापन प्रकाशन

क) संस्थानका प्रकाशनहरूमा प्रकाशनार्थ प्राप्त हुने सबै प्रकारका विज्ञापनहरू तथ्यपूर्ण हुनु आवश्यक छ।

ख) संस्थानमा प्रकाशनका लागि प्राप्त हुने विज्ञापन प्राविधिक दृष्टिकोणले उपयुक्त हुनुपर्नेछ।

ग) निम्न उल्लेखित विज्ञापनहरू प्रकाशनार्थ स्वीकार्य हुने छैनन् :

१) राष्ट्रिय अखण्डतामा प्रतिकूल प्रभाव पार्ने, सामाजिक, धार्मिक सन्तुलनमा खलल पार्ने,

२) हिंसा आतङ्क, अपराध र अशान्ति उत्पन्न हुने र हुन सक्ने,

३) राजनीतिक वादविवादका प्रसङ्ग उल्लेख भएको,

४) जुलुस, हड्ताल, आन्दोलन, घेराउजस्ता गतिविधि गर्न आह्वान गरिएका वा त्यस्ता कार्य गर्न उक्साउने प्रकृतिको तर शान्तिपूर्ण भेला, कार्यक्रम गर्न आह्वान गरिएका विज्ञापन र प्रेस विज्ञप्ती सूचना प्रकाशन गर्न सकिनेछ,

५) झुठा र भ्रमपूर्ण मूल्य वा ग्यारेण्टी दिइएका तथा सर्वसाधारणको हितविरूद्ध भएको अथवा हितविरूद्ध हुनसक्ने विषय उल्लेख भएको,

६) व्यक्तिगत आक्षेप तथा लान्छनायुक्त विषयवस्तु उल्लेख भएको,

७) आधिकारिक निकायको स्वीकृति बिना उत्पादित औषधि सम्बन्धी विज्ञापन तथा यो औषधिले ठीक हुन्छ तथा यसले हुन्न भन्ने जस्ता ठोकुवा गरी सर्वसाधारणको स्वास्थ्यमा प्रतिकूल असरपर्ने,

८) धर्म संस्कृति, सम्प्रदाय, जातजाति, पारस्परिक मूल्य मान्यता र सभ्यतामाथि आँच पुऱ्याउने,

९) जनमानसमा नकारात्मक प्रभाव पार्ने अश्लील र अन्धविश्वासलाई टेवा दिने खालका जादू, चटक आदि।

१०) आफ्ना उत्पादनहरू राम्रो देखाउन अरूको उत्पादनप्रति लान्छना लगाउने,

११) भाषिक त्रुटि वा भ्रामक,

१२) विज्ञापन दाताको नाम, ठेगाना र दस्तखतको आधिकारिता प्रष्ट नभएको,

१३) प्रचलित ऐन, कानुनले निषेध गरिएका विषयवस्तु भएको,

१४) नियम ३ को उपनियम ग (१-१३) मा उल्लेख भएका विज्ञापनहरू बाहेक अरू कुनै विज्ञापन प्रकाशित गर्दा विवाद उत्पन्न हुने जस्तो संस्थानलाई लागेमा रकम प्राप्त भई सकेको भए पनि यस किसिमको विज्ञापन प्रकाशन नगर्न अथवा संशोधन गरेर मात्र प्रकाशित गर्ने सर्वाधिकार संस्थानमा निहित रहनेछ।

घ) संस्थानका प्रकाशनमा प्रकाशित विज्ञापनबाट उत्पन्न हुने परिस्थितिको जवाफदेही विज्ञापन दाता नै हुनपर्नेछ।।

ङ) निम्न उल्लेखित विज्ञापनहरू प्रकाशनार्थ संस्थानमा पेस गर्दा सिफारिश तथा प्रमाणपत्र साथै पेस गरिनुपर्नेछ।

१) नेपाल सरकारबाट स्वीकृति प्राप्त कार्यालयबाहेक अन्य आधिकारिक मान्यता प्राप्त नभएको कुनै सङ्घ, संस्था, फर्म कम्पनी वा व्यक्तिबाट विदेशका लागि कामदार आवश्यकता बारेको विज्ञापन प्रकाशनार्थ आएमा सम्बन्धित निकायको स्वीकृति हुनुपर्नेछ।

२) वैवाहिक सम्बन्धी विज्ञापनका लागि कुनै आधिकारिक संस्थाबाट सत्यता प्रमाणित गरेको हुनुपर्नेछ।

३) व्यक्ति विशेषको समवेदना तथा श्रद्धाञ्जलि सम्बन्धी विज्ञापनमा सम्बन्धित व्यक्ति दिवंगत भएको हो भन्ने पञ्जिकाधिकारीको कार्यालय अथवा आधिकारिक संस्था वा व्यक्तिबाट सिफारिश भएको हुनुपर्नेछ।

४) मानिस हराएको सम्बन्धी विज्ञापनमा प्रहरी कार्यालय वा सम्बन्धित कार्यालयको सिफारिशपत्र पेस हुनुपर्नेछ।

५) अधिकृत वारेसनामा बदर सम्बन्धी विज्ञापनका लागि मान्यता प्राप्त कानून व्यावसायीको सिफारिस पेस हुनुपर्छ वा सक्कलै प्रति वा नोटरी पब्लिकबाट प्रमाणित प्रति संस्थानमा प्रस्तुत गर्नुपर्नेछ।

६) व्यक्तिगत विज्ञापन दाताको परिचय खुल्ने कुनै प्रमाणपत्रका आधारमा पनि विज्ञापन प्रकाशन गर्न सकिनेछ।

७) संस्थानले आवश्यक ठानेमा विज्ञापन दाताको आधिकारिक प्रमाण, विज्ञापन प्रकाशन गर्ने आदेश वा अधिकारपत्र वा विज्ञापन प्रकाशन गर्ने सम्बन्धी सम्बन्धित व्यक्ति वा संस्थाको मञ्जुरीनामा माग गर्न सक्नेछ।

च) कुनै पनि विज्ञापन प्रकाशन गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थानमा निहित हुनेछ।

छ) विनिमय प्रणाली (वार्टर सिस्टम) र सम्झौताद्वारा पनि विज्ञापन प्रकाशित गर्न सकिनेछ।

ज) संस्थानले कुनै सङ्घ/संस्थासँग द्विपक्षिय सम्झौता गरी नियमानुसार कर भुक्तानी गरी प्रकाशन सामग्रीहरू विज्ञापनको रुपमा प्रकाशन गर्न सक्नेछ।

## ४. विज्ञापन निर्माण

क) संस्थानमा प्राप्त हुने विज्ञापन सामग्रीहरूको तयारी विज्ञापन दाताको इच्छाअनुसार प्रकाशनलाई मिल्ने गरी संस्थानले तयार गर्नेछ।

ख) आवश्यक परेको अवस्थामा विज्ञापन दातालाई अनुवाद सेवा उपलब्ध गराइने छ। विज्ञापन डिजाइन तथा अनुवाद सेवाका लागि थप शुल्क लिन सक्नेछ।

ग) विज्ञापन दाताले विज्ञापन सम्बन्धमा माग गर्ने सेवा संस्थानले उपलब्ध गराउनेछ। कुनै विशेष प्रकारको सेवा संस्थानले उपलब्ध गराउन नसक्ने भए आवश्यक शुल्क लिई संस्थान बाहिरबाट पनि उपलब्ध गराउन सक्नेछ।

घ) संस्थानलाई आवश्यकपर्ने सेवा बाहिरका व्यक्ति वा संस्थाबाट लिनुपर्ने भए त्यस्ता व्यक्ति वा संस्थाको सूची (Roster) खुला आवेदन माग गरी अग्रिमरूपमा तयार गर्नुपर्नेछ।

ङ) एजेन्सीबाट तयारी अवस्थामा प्राप्त हुन आएको विज्ञापनको हकमा एजेन्सी स्वयं जवाफदेही हुनेछ।

## ५. विज्ञापन छपाई, आकार र अक्षर

क) सामान्यतयाः संस्थानका प्रकाशनहरूमा विज्ञापन र सम्पादकीय सामग्रीको अनुपात ४०/६०% हुनेछ।

ख) विज्ञापन दाताले विज्ञापनको स्थान र प्रकाशन/प्रसारण मिति छनोट गर्न पाउनेछ। प्रकाशन हुने विज्ञापन सामान्यतया २४ घण्टा अघि नै संस्थानमा प्राप्त हुनुपर्नेछ। ढिलो गरी प्राप्त हुने विज्ञापनलाई माग अनुसारको स्थान र मितिमा छाप्न संस्थान बाध्य हुने छैन।

ग) संस्थानमा प्राप्त भएको पहिलो विज्ञापनले प्रकाशनका लागि पहिलो प्राथमिकता पाउनेछ तर राष्ट्रिय महत्वको विषयलाई विशेष प्राथमिकता हुनेछ।

घ) सामान्यतया विज्ञापन दाताले माग गरेको सम्बन्धित पृष्ठमा विज्ञापन राखिनेछ। आर्थिक व्यापारिक संघ/संस्थासँग सम्बन्धित विज्ञापन अर्थ/वाणिज्य पृष्ठमा, खेलकुद सम्बन्धी विज्ञापन खेलकुद पृष्ठमा, क्षेत्रीय समाचार छापिने पृष्ठमा सम्बन्धित प्रदेशका विज्ञापनलाई प्राथमिकता दिइनेछ। वर्गीकृत विज्ञापन, वर्गीकृत डिस्प्ले, समवेदना, मानिस हराएको सूचनाजस्ता विज्ञापनहरूलाई निश्चित पृष्ठ तोक्न सकिनेछ।

ङ) दैनिक प्रकाशनहरूमा विज्ञापनको न्यूनतम आकार १x५ कोलम से.मी. हुनेछ। वर्गीकृत डिस्प्लेको आकार १x५ कोलम से.मी. हुनेछ।

च) संस्थानका प्रकाशनहरूमा प्रथम पृष्ठ (मुख पृष्ठ) मा सामान्यतया आधा पृष्ठभन्दा बढी विज्ञापन स्वीकार गरिने छैन। तर ज्याकेट पृष्ठ प्रकाशनमा कुनै बाधा पर्नेछैन।

छ) कुनै पनि स्थान वा स्तम्भ वा समाचारको प्रायोजन विज्ञापनको आकार, विज्ञापन दाता र संस्थानको सहमतिमा तय गरिनेछ।

ज) विज्ञापनमा प्रयोग हुने अक्षरको आकार सामान्यतया ११ प्वाइन्टको हुनेछ।

झ) संस्थानले कुनैपनि संघ संस्थासँग द्विपक्षीय सम्झौता गरी निश्चित रकममा संघ/संस्थाको अनुरोधमा विविध विषयमा समाचार, आलेख वा अन्य प्रवर्द्धनात्मक प्रकाशन सामग्री प्रकाशन तथा प्रशारण गर्न सक्नेछ। विशेष गरी प्रदेश तथा स्थानीय निकायसँग द्विपक्षीय सम्झौता गरी निश्चित रकममा **Content Sell** गर्न सकिने छ।

## ६. विज्ञापन सङ्कलन

क) विज्ञापन सङ्कलनका लागि संस्थानले व्यापार विभागको सिफारिसमा विज्ञापन एजेन्सी, विज्ञापन सङ्कलन केन्द्र र विज्ञापन प्रतिनिधिहरू नियुक्त गर्न सक्नेछ।

ख) संस्थानका कर्मचारी, स्थानीय समाचारदाता र एजेन्टलाई विज्ञापन सङ्कलनका लागि प्रोत्साहित गरिनेछ।

ग) (१) वर्गीकृत विज्ञापन सङ्कलनका लागि वर्गीकृत विज्ञापन एजेन्सी/संकलन केन्द्र नियुक्त गर्न सकिनेछ।

(२) विज्ञापन एजेन्सी धरौटी बापत रु. २ लाख र वर्गीकृत विज्ञापन एजेन्सीका लागि धरौटी बापत रु. ५,०००।– राख्नुपर्नेछ।

(३) वर्गीकृत विज्ञापन एजेन्सीलाई एजेन्सी कमिशन १५% र नगदमा कारोबार गरेमा १०% नगद छुट उपलब्ध गराइनेछ।

## ७) विज्ञापन एजेन्सी तथा व्यापार प्रतिनिधि सम्बन्धी व्यवस्था

क) यसै निर्देशिका अनुसार मान्यता प्राप्त विज्ञापन एजेन्सीहरूबाट विज्ञापन सङ्कलन गरी विज्ञापनहरू संस्थानका प्रकाशनहरूमा प्रकाशित गरिनेछ। संस्थानका प्रकाशनहरूमा विज्ञापन सङ्कलन गर्ने विज्ञापन एजेन्सीहरूले संस्थानबाट मान्यता प्राप्त गर्नुपर्नेछ। विज्ञापन एजेन्सीलाई निम्न आधारमा मान्यता दिइनेछ।

१) विज्ञापन व्यवसाय सञ्चालनका लागि आवश्यक सुविधाहरू सहित उपयुक्त कार्यालयको व्यवस्था भएको,

२) विज्ञापन व्यवसाय नै मुख्य व्यवसाय भएको,

३) विज्ञापन सामग्री निर्माण गर्न सक्षम भएको,

४) विज्ञापन व्यवसाय सञ्चालनका क्रममा संस्थानको हितको पक्षमा ध्यान पुर्‍याउन क्रियाशील रहेको,

५) प्रचलित ऐन, कानुनअनुसार विज्ञापन सम्बन्धी व्यवसाय सञ्चालन गर्ने निजी साझेदारी वा लिमिटेड कम्पनीका रूपमा सम्बन्धित निकायमा दर्ता भई मान्यता प्राप्त गरेको,

६) कर कार्यालयमा दर्ता भएको प्रमाणपत्र प्राप्त गरेको।

ख) संस्थानबाट मान्यताप्राप्त गर्नका लागि विज्ञापन एजेन्सीले देहायका कागजातहरूको प्रतिलिपि संलग्न गरी यसै निर्देशिकाको अनुसूची–१ अनुसार फाराम भरी संस्थानमा दरखास्त दिनुपर्नेछ :

१) सरकारको सम्बन्धित निकायबाट विज्ञापन व्यवसाय सञ्चालन गर्न दिइएको इजाजतपत्र,

२) कर कार्यालयमा दर्ता भएको प्रमाणपत्र

३) इजाजत प्राप्त गर्ने एजेन्सीको धनी/प्रमुख व्यक्तिको नागरिकताको प्रमाणपत्र,

४) साझेदारी सङ्गठन भएमा साझेदारी कबुलियतनामा, लिमिटेड कम्पनी भएमा कम्पनी दर्ता प्रमाणपत्र, नियमावली र प्रबन्धपत्र,

५) विज्ञापन एजेन्सीको सञ्चालकहरूको पासपोर्ट आकारको दुईप्रति फोटो,

ग) **धरौटीसम्बन्धी व्यवस्था:**

१) संस्थानसँग कारोबार गर्ने विज्ञापन एजेन्सीहरूले स्थिर धरौटी बापत संस्थानले निर्धारण गरेअनुसार धरौटी रकम नगद रू. २,०००००।– (दुई लाख) वा बैंक ग्यारेन्टी जम्मा गर्नुपर्नेछ। सोको छुट्टै लेखा राखिनेछ।

२) संस्थानले नियम ७ को उपनियम ग (१) अनुसार स्थिर धरौटी रकम समयानुकूल परिवर्तन गर्न सक्नेछ। यसरी परिवर्तन गरिएको रकम विज्ञापन एजेन्सीहरूले संस्थानले निर्धारण गरेको अवधिमा जम्मा गर्नुपर्नेछ।

३) संस्थानले निर्धारण गरेको स्थिर धरौटी रकम जम्मा नभएमा विज्ञापन एजेन्सीको मान्यता निलम्बन वा समाप्त भएको मानिनेछ।

४) नगदमा कारोबार गर्ने एजेन्सी बाहेकका एजेन्सीले आफूले राखेको धरौटी रकम बराबरको उधारो कारोबार सञ्चालन गर्न सक्नेछन्।

घ) नियम ७ को उपनियम (ख) बमोजिमका कागजातहरूको प्रतिलिपिसहित नियमपूर्वकको दरखास्त प्राप्त भएपछि विज्ञापन एजेन्सीलाई मान्यता प्रदान गर्ने कारबाही अगाडि बढाइनेछ,

१) विज्ञापन एजेन्सीलाई मान्यता प्रदान गर्न यसै निर्देशिकाको नियम ७ को उपनियम (ग) बमोजिमको धरौटी रकम जम्मा गर्नुपर्नेछ। सो पश्चात् संस्थानसँग कारोबार गर्न यसै निर्देशिकाको संलग्न अनुसूची–२ अनुसार लिखित करार सम्झौता गर्नुपर्नेछ। सोपछि १ आर्थिक वर्षको मान्यता रहने गरी विज्ञापन एजेन्सीलाई प्रमाणपत्र प्रदान गरिनेछ।

२) विज्ञापन एजेन्सीलाई संस्थानमा दर्ता हुन दर्ता शुल्क रु.१००० लिइनेछ तर नविकरण या बन्द शुल्क लाग्ने छैन।

ङ) **एजेन्सी मान्यता समाप्त हुने :**

निम्न लिखित अवस्थामा विज्ञापन एजेन्सीलाई प्रदान गरिको मान्यता समाप्त भएको मानिनेछ।

१) कुनै पनि विज्ञापन एजेन्सीले एजेन्सी सम्बन्धी कार्य बन्द गर्ने लिखित सूचना दिएमा,

२) विज्ञापन एजेन्सी विघटन भएमा वा टाट पल्टेमा,

३) विज्ञापन एजेन्सीले संस्थानको हितविपरीत हुने कार्य गरेमा वा संस्थानको नीति निर्देशन, निर्देशिका अनुरूप कार्य नगरेको ठहर हुन आएमा र संस्थानलाई हानि नोक्सानी पुग्ने गरी निर्देशिका प्रतिकुलको कार्य गरेमा त्यस्ता एजेन्सीको एजेन्सी मान्यता संस्थानले निलम्बन वा समाप्त गर्न सक्ने छ,

४) यसै निर्देशिकाले व्यवस्था गरेको अवधिमा नवीकरण नभएमा।

५) एजेन्सी नवीकरण नभएपश्चात् एजेन्सी सम्बन्धी कुनै पनि सुविधा उपलब्ध गराइने छैन।

६) ऐजेन्सी मान्यता समाप्त भए पश्चात संस्थानबाट उपलब्ध गराइएको विज्ञापन एजेन्सी परिचयपत्र फिर्ता गर्नुपर्नेछ।

च) **विज्ञापन एजेन्सीको स्वामित्व हस्तान्तरण सम्बन्धमा :**

१. कुनै पनि विज्ञापन एजेन्सीको प्रोपाइटर वा शेयरधनीले आफ्नो स्वामित्व दोस्रो व्यक्ति, फर्म वा कम्पनीलाई हस्तान्तरण गर्न सक्नेछ,

२. स्वामित्व हस्तान्तरण गर्दा नेपाल सरकारबाट प्रदान गरिएको इजाजतपत्रमा नामसारी भएको हुनुपर्नेछ।

३. स्वामित्व लिने पक्षले आफूले खरिद गर्न लागेको एजेन्सी र संस्थानबीच भएको कारोबारमा बाँकी रकम राफसाफ गराउनुपर्नेछ ।

४. हिसाब राफसाफ गरी स्वामित्व लिने, दिने दुवै पक्षबाट संस्थानलाई लिखितरूपमा जानकारी गराउनुपर्नेछ। सो नगरी कुनै एक वा दुवै पक्षलाई उत्पन्न हुने थप व्ययभारका लागि संस्थान जिम्मेवार हुने छैन।

५. संस्थानबाट विज्ञापन एजेन्सीको नाममा कारोबार हुने हुँदा पछि कुनै प्रयोजनका लागि हिसाब विवरण संस्थानबाट प्रमाणित गराउँदा सुरूदेखिकै विवरण प्रमाणित गरिनेछ।

छ) **धरौटी फिर्ता :**

विज्ञापन एजेन्सी संस्थानसँग कारोबारमा रहँदासम्म धरौटी यथावत राख्नुपर्ने छ। एजेन्सी बन्द वा मान्यता समाप्त भएमा संस्थानको लिनुपर्ने रकम कट्टा गरी बाँकी रकम फिर्ता दिइनेछ। धरौटीभन्दा बढी उधारोमा कारोबार गरिनेछैन। कथंमकदाचित धरौटी रकमभन्दा बढी कारोबार हुन गई असुलउपर गर्नुपर्ने अवस्था आएमा एजेन्सी प्रोप्राइटरसँग करार

ऐन बमोजिम असुलउपर गरिनेछ ।

ज) **संस्थानका प्रकाशनहरूमा विज्ञापन सङ्कलन गरी उपलब्ध गराएबापत विज्ञापन एजेन्सीले पाउने सुविधाहरूः**

१. संस्थानका प्रकाशनहरूमा विज्ञापन सङ्कलन गरेबापत संस्थानले निर्धारण गरेको दर रेटमा छुटपछिको हिसाबमा १५% एजेन्सी छुट (Agency Discount) दिइनेछ । यस्तो छुट बिल गर्दाको बखत उलब्ध हुनेछ ।

२. खुद नगद कारोबारको आधारमा विज्ञापन एजेन्सीहरूसँग भएको कारोबारको व्यक्तिगत हिसाब खाता राखिनेछ । एजेन्सीको कारोबारको फाँटवारी महिना समाप्त भएको भोलिपल्टै उपलब्ध गराइनेछ । यस्तो हिसाब उपर चित्त नबुझेमा ७ दिनभित्र संस्थानमा आई हिसाब मिलान गर्नुपर्नेछ । उक्त समयमा दाबी विरोध नगरेमा स्वीकार गरेको मानिनेछ ।

३. विज्ञापन एजेन्सीलाई मान्यता प्रदान गरिएपछि संस्थानका प्रकाशनहरू १/१ प्रति एजेन्सीले माग गरेको स्थानमा उपलब्ध गराइनेछ । यस्तो सुविधा संस्थानसँग आबद्ध एवं विज्ञापन एजेन्सी नवीकरण हुँदाको बखतसम्म कायम रहनेछ ।

४. एजेन्सीहरूले संस्थानलाई रकम भुक्तानी गर्दा नगद वा संस्थानको नाममा एकाउण्टपेयी चेक, बैंक ड्राफ्ट लगायत प्रचलित प्रविधिबाट भुक्तानी गर्न सकिनेछ । कुनै विज्ञापन एजेन्सीको चेक फिर्ता आएमा चेक फिर्ता आएका त्यस्ता एजेन्सीहरूबाट पछि प्राप्त हुने "चेकमा" सम्बन्धित बैंकको Good for payment उल्लेख गरेको चेकबाट मात्र कारोबार स्वीकार गरिनेछ । चेक फिर्ता भएमा बैंकले लगाउने जरिवाना रकम सम्बन्धित एजेन्सीले व्यहोर्नु पर्नेछ । साथै संस्थानले स्विकृत गरेको त्तच ऋयमभ मार्फत पनि भुक्तानी स्वीकार गरिनेछ ।

५. नियम ७ को उपनियम ढ (१) बमोजिमको कारोबार भएमा विज्ञापन एजेन्सीहरूलाई प्रोत्साहित गरिनेछ ।

६. कुनै विज्ञापन दाताबाट एजेन्सीलाई भुक्तानी गर्नुपर्ने रकम सीधै संस्थानमा प्राप्त भएमा सो स्वीकार गरिनेछ। विज्ञापन दाताबाट आवश्यक प्रमाण जुटाई प्राप्त रकम एजेन्सीको हिसाबमा जम्मा गर्ने सुविधा प्रदान गरिनेछ। यसवापत कुनै अतिरिक्त खर्च शुल्क लागेमा एजेन्सीले व्यहोर्नुपर्नेछ।

७. विज्ञापन एजेन्सीबाट कारोबार गर्दा सामान्यतया रू. २०,०००।– सम्मको कारोबार नगदबाट मात्र स्वीकारिनेछ।

८. संस्थानमा दर्ता नभएका तर विज्ञापन कारोबार गरेका विज्ञापन एजेन्सी मार्फत पनि विज्ञापन प्रकाशन गरिनेछ तर विज्ञापन प्रकाशन गर्नु अगावै विज्ञापन दाताको पत्र र सो बापतको रकम अग्रिम भुक्तानी गर्नुपर्नेछ । विज्ञापन एजेन्सीको अनुरोधबाट विज्ञापन दाताको नाममा बिलिङ गर्न सकिनेछ । दर्ता नभएको एजेन्सीलाई एजेन्सी छुट उपलब्ध गराइने छैन तर संस्थानको नियमानुसार दिइने संस्थागत छुट भने उपलब्ध गराइनेछ ।

९. क) संस्थानका दैनिक प्रकाशनहरूमा पुरा पृष्ठ (फूलपेज) विज्ञापन उपलब्ध भएमा पुरा पृष्ठ बापत १०% थप अतिरिक्त छुट उपलब्ध गराइने छ । साथै पूरा पृष्ठमा नअटी अर्को पृष्ठमा छापिएको बाँकी प्रकाशन सामाग्रीलाई पनि पुरा पृष्ठ सरह १०% छुट उपलब्ध गराइनेछ ।

ख) फ्रिक्वयन्सी छुट : कुनै विज्ञापन दाताको एकै प्रकारको विज्ञापन ३० दिनभित्र कम्तिमा ४ पटक प्रकाशन गरेमा १०% र सो भन्दा बढी पटक प्रकाशन गरेमा १५% छुट उपलब्ध गराउने ।

झ) **नगद छुटको व्यवस्थाः**

विज्ञापन एजेन्सीहरूसँग हुने कारोबार विशेष परिस्थिति बाहेक नगदमा मात्र गर्ने नीति संस्थानले अवलम्बन गर्नेछ । यसबारे निम्न अनुसारको नीति हुनेछ ।

१. संस्थानको नियमानुसार राखेको स्थिर धरौटीलाई यथावत राखी प्रत्येक विज्ञापनको अग्रिम भुक्तानी गरेमा नगद छुट १०% (प्रतिशत) प्रदान गरिनेछ । रकम भूक्तानी नगरी विज्ञापन प्रकाशित गराएमा नगद छुट उपलब्ध हुने छैन ।

२. विज्ञापन एजेन्सीको स्थिर धरौटी सिमा नाघेमा प्राप्त विज्ञापन प्रकाशित गर्न संस्थान बाध्य हुने छैन। यसबाट पर्न जाने असरबारे संस्थान जिम्मेवारी हुने छैन। विज्ञापन एजेन्सीको स्थिर धरौटी रकमभन्दा बढी लिनुपर्ने देखिएमा त्यसपछि प्राप्त हुने विज्ञापन प्रकाशित गरिने छैन।

३. नगद छुट पाउने गरी कारोबार गर्ने एजेन्सीले भुक्तानी गरेको चेक कुनै पनि कारणले अमान्य भई फर्केमा नगद छुट दिएको रकम तुरून्त रिभर्स गरिनेछ ।

ञ) **भुक्तानी** :

सरकारी कार्यालय,सरकारी स्वामित्वमा रहेका संघ संस्थान, बैकं, वित्तिय संस्था, कम्पनी, आयोग र विदेशी निकायका कार्यालयहरूको विज्ञापनका भूक्तानी नगद, चेक वा बैंक ड्राफ्ट, QR Code वा प्रचलित प्राविधिबाट पनि स्वीकार गरिनेछ ।

ट) **उधारो असुली** :

संस्थानसँग उधारोमा कारोबार गर्ने विज्ञापन एजेन्सीसँग बाँकी भएको रकम देहाय अनुसार हिसाब चुक्ता गर्नुपर्नेछ ।

१. उधारोमा कारोबार गर्ने प्रत्येक विज्ञापन एजेन्सीले चालू आर्थिक वर्षको असार मसान्तसम्मको बाँकी रकम अर्को आर्थिक वर्षको श्रावण १५ गतेसम्म चुक्ता गर्नुपर्नेछ ।

ठ) **एजेन्सी नवीकरणसम्बन्धी व्यवस्था** :

१. संस्थानबाट मान्यता लिएका विज्ञापन एजेन्सीहरूले हरेक आर्थिक वर्षको असोजभित्र सोही आर्थिक वर्षका लागि नवीकरणको लागि संस्थानमा दरखास्त दिनुपर्नेछ । नवीकरणको लागि पेस गरेको दरखास्तका साथ निम्न कागजात संलग्न हुनुपर्नेछ ।

अ. एजेन्सी सञ्चालन गर्न सरकारी कार्यालयबाट प्राप्त नवीकरण भएको इजाजतपत्रको प्रतिलिपि ।

आ. कर चुक्ता भएको प्रमाणपत्रको प्रतिलिपि ।

२. **नवीकरणसम्बन्धी शर्त र बन्देजहरू** :

अ) निर्धारित अवधि असोज मसान्तभित्र नवीकरणका लागि माग भई नियम ७ को उपनियम ट (१)

अनुसार रकम चुक्ता भएको हुनुपर्नेछ।

आ) निर्धारित अवधि असोज मसान्तपछि जुन मितिमा नवीकरणको लागि माग गरिएको हो सोही मितिसम्मको बाँकी रकम चुक्ता भएको हुनुपर्नेछ।

इ) निर्धारित समयभित्र नवीकरण नभएका विज्ञापन एजेन्सीको मान्यता समाप्त भएको मानिनेछ र पुनः मान्यता प्राप्त गर्न नयाँ एजेन्सीसरहकै प्रक्रिया हुनेछ।

ई) हरेक वर्षको असोज मसान्तपछि संस्थानबाट मान्यता प्राप्त विज्ञापन एजेन्सीहरूको सूची आम सञ्चारका माध्यमबाट सार्वजनिक गरिनेछ। यसबाट समयमै नवीकरण नगराएका विज्ञापन एजेन्सीहरूलाई पर्ने र पर्नसक्ने असरका बारेमा संस्थान जिम्मेवार हुने छैन।

ड) **प्रोत्साहित गरिने :**

विज्ञापन एजेन्सीहरूले संस्थानलाई विज्ञापन उपलब्ध गराएबापत खुद् नगद कारोबार (छुटपछि) का आधारमा प्रोत्साहित गरिनेछ ।

ढ) **प्रोत्साहन सम्बन्धमा :**

१) वार्षिक न्यूनतम रकम ३० लाख (VAT बाहेक) को कारोबार गर्ने एजेन्सीलाई निम्नअनुसार प्रोत्साहन रकम उपलब्ध गराइनेछ।

| **वार्षिक कारोबार रकम** | | **प्रोत्साहन सुविधा** |
|---|---|---|
| अ) | रू. ३० लाखदेखि रू.४० लाखसम्म | – ०.५% |
| आ) | रू. ४० लाखदेखि रू. ५० लाखसम्म | – १% |
| इ) | रू. ५० लाखदेखि रू. ६० लाखसम्म | – १.५% |
| ई) | रू. ६० लाखदेखि रू.७० लाखसम्म | – २% |
| उ) | रू. ७० लाखदेखि रू. ८० लाखसम्म | – २.५% |
| ऊ) | रू. ८० लाखदेखि रू. ९० लाखसम्म | – ३% |
| ए) | रू. ९० लाख १ करोडसम्म | – ३.५% |
| ऐ) | रू. १ करोड देखि १ करोड ५० लाखसम्म | – ४% |
| ओ) | रू. १ करोड ५० लाखदेखि २ करोडसम्म | – ४.५% |
| औ) | रू. २ करोडदेखि माथि | – ५% |

२) प्रोत्साहनका लागि रकम गणना गर्दा एक आर्थिक वर्षको कारोबार गणना गरिनेछ।

३) जुनसुकै महिनामा कारोबार सुरु गरे पनि आर्थिक वर्षको अन्त्यमा प्रोत्साहन हिसाब गरिनेछ। आर्थिक वर्षको हिसाब मिलान आ.व. समाप्त भएको पहिलो महिनाभित्र अनिवार्य रूपमा गर्नु, गराउनुपर्नेछ।

४) चालु आ.व.को साउन १५ गतेभित्र आ.व. असार मसान्त सम्मको उधारो बाँकी रकम चुक्ता नगरेमा त्यस्ता विज्ञापन एजेन्सीलाई नियम ७ उपनियम ढ (१) बमोजिमको सुविधा प्रदान गरिने छैन।

५) प्रोत्साहन बापत पाउने सुविधा रकममा नेपाल सरकारको नियमानुसार लाग्ने कर कट्टा गरी बाँकी हुन आउने रकम बराबरको विज्ञापन प्रकाशित गरी हिसाब मिलान गरिनेछ।

ण) **विज्ञापन एजेन्सीले पालना गर्नुपर्ने शर्त तथा बन्देजहरू:**

१ संस्थानद्वारा निर्धारित रेटकार्ड विज्ञापन दातालाई उपलब्ध गराउनुपर्नेछ ।

२. संस्थानको निर्णयानुसार विज्ञापन दाताले पाउने गरी संस्थानले प्रदान गरेको छुट विज्ञापन एजेन्सीहरूले विज्ञापन दाताहरूलाई उपलब्ध गराउनुपर्नेछ ।

३ विज्ञापन एजेन्सीसँग रकम बाँकी भएको कारणबाट विज्ञापन प्रकाशित गर्न संस्थान असमर्थ भएको अवस्थामा विज्ञापन दाताबाट सोही एजेन्सीमार्फत प्राप्त विज्ञापन विज्ञापन दातासँग सम्पर्क गरी संस्थानले प्रकाशित गर्न सक्नेछ । सोको बिल विज्ञापन दातालाई नै दिइनेछ । विज्ञापन एजेन्सीले कुनै दाबी गर्न पाउने छैन ।

४. विज्ञापन प्रकृति र परिमाणलाई संस्थानले आवश्यक ठानेमा कुनैपनि विज्ञापन दाताले संस्थानका प्रकाशनहरूमा प्रकाशित विज्ञापन बापतको एजेन्सीलाई दिनुपर्ने रकम संस्थानले दाबी गरी एजेन्सीको बिल अनुसारको रकम सोझै भुक्तानी लिन सक्नेछ । यसरी असुल भएको रकम सम्बन्धीत एजेन्सीको नाममा नै जम्मा गरिनेछ ।

५. कुनै पनि विज्ञापन एजेन्सीले संस्थानमा प्रचलित दररेटभन्दा बढी विज्ञापन दातालाई बिलिङ्ग गर्न पाउने छैन साथै प्रकाशनको नापसमेत परिवर्तन गर्न पाइने छैन । सो गरेको प्रमाणित भएमा पहिलोपटक चेतावनी र रु. २५,०००।– जरिवाना, दोस्रोपटक कडा चेतावनी र रु. ५०,०००।– जरिवाना र तेस्रोपटक सो कार्य दोहोरिएमा उक्त विज्ञापन एजेन्सीको मान्यता खारेज गरी प्रचलित कानुनी कारबाही गरिनेछ । सोको सूचना सार्वजनिक गरिनेछ ।

६. विज्ञापन एजेन्सीहरूसँग चेकबाट भुक्तानी लिँदा निम्नअनुसार गरिनेछ :

  क) पछिल्लो मितिको चेक स्वीकार गरिने छैन ।

  ख) विज्ञापन एजेन्सीहरूबाट प्राप्त भएका चेकहरू पर्याप्त सञ्चयको अभावबाट बैंक जम्मा नभई फिर्ता भएमा त्यसलाई गम्भीर भूल भएको मानी चेक स्वीकार गर्न रोक लगाउनुका साथै स्थानीय प्रशासनको मद्दतबाट धोखा वा जालसाजी (चेक अनादर)गरेको भनी कानुनी कारबाही समेत गर्न सकिनेछ ।

  ग) विज्ञापन एजेन्सीहरूले संस्थालाई भुक्तानी गरेको चेक कुनै पनि कारणले फिर्ता भएमा सो चेकको भुक्तानी नहुन्जेल अर्को चेक स्वीकार गरिने छैन ।

७. संस्थान र एजेन्सी सम्बन्धी कारोबार हिसाबको आवश्यक बिल विज्ञापन प्रकाशन पूरा भएको मितिले ३ दिनभित्र उपलब्ध गराइनेछ । बिलको रकममा चित्त नबुझे बिलको मितिले १५ दिनभित्र दाबी गरी हिसाब संशोधन गराउनुपर्नेछ । कारोबारको फाँटवारी मासिक वा एजेन्सीले माग गरेअनुसार उपलब्ध गराइनेछ । यस सम्बन्धमा हिसाब जाँच गरी तुरून्त दाबी गरी हिसाब मिलान गराउनुपर्नेछ । हिसाब सम्बन्धमा एजेन्सी सजग हुनुपर्नेछ । कारोबार हिसाब समयमै जाँची दुरूस्त बनाई राख्नुपर्नेछ । दिएको समयपश्चात दावी गरेमा हिसाब मिलान गर्न संस्थान बाध्य हुने छैन । संस्थानले राखेको हिसाब एजेन्सीबाट स्वतः समर्थन भएको मानिनेछ ।

८. **उधारो असुलउपर गर्ने कार्यविधि :**

  (क) विज्ञापन एजेन्सीसँग रकम बाँकी भई पत्राचार गर्दा पनि सम्पर्कमा नआएमा वा फेला पार्न नसकिए

त्यस्ता विज्ञापन एजेन्सी धनीको तस्बिरसहितको विवरण आमसञ्चार माध्यमबाट सार्वजनिक गरिनेछ ।

(ख) यसरी विज्ञापन बापतको बाँकी रकम त्यस्ता एजेन्सीले नतिर्ने संस्थानलाई लागेमा मूलुकी देवानी संहिता २०७४ को करार सम्बन्धी परिच्छेदमा भएको व्यवस्था बमोजिम कानुनी कारबाही गरी असुलउपर गरिनेछ ।

९. **स्थान बुकिङ सम्बन्धी व्यवस्था :**

संस्थानले विज्ञापन एजेन्सीसँग विज्ञापन सम्झौता Space Contract गर्दा विज्ञापन एजेन्सी र संस्थानबीच द्विपक्षीय सम्झौता गरी Space Contract गर्न सकिनेछ । साथै संस्थानले सम्झौता गर्दा संस्थानलाई फाइदा पुग्नेगरी सम्झौता गर्नुपर्नेछ । संस्थानले Space Contract गर्दा सरकारी तथा व्यवसायिक विज्ञापनमा निश्चित रकमको टार्गेट Contract गर्न सकिनेछ यसरी टार्गेट पूरा गर्ने विज्ञापन एजेन्सीलाई द्विपक्षीय सहमतीमा निश्चित दर कायम गरिने ।

## ८. विज्ञापन सङ्कलन केन्द्र र विज्ञापन प्रतिनिधि :

क) संस्थानका प्रकाशन एवं प्रशारणहरूका लागि विज्ञापन सङ्कलन गर्न आवश्यकता अनुसार विज्ञापन सङ्कलन केन्द्र स्थापना गर्न सकिनेछ ।

ख) आवश्यकता अनुसार स्थानीय व्यापारिक इकाइहरूलाई विज्ञापन सङ्कलन केन्द्रका रूपमा काम गर्न अनुमति दिन सकिनेछ ।

ग) संस्थानका एजेन्टलाई विज्ञापन सङ्कलन केन्द्र स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

घ) मोफसलमा रहेका एजेन्ट र स्थानीय समाचार दाताहरूलाई समन्वयात्मक रूपमा विज्ञापन सङ्कलन गर्ने कार्यमा परिचालन गर्न सकिनेछ ।

ङ) संस्थानले आवश्यक ठानेमा कुनै व्यक्तिलाई विज्ञापन प्रतिनिधिका रूपमा नियुक्त गर्न सकिनेछ ।

च) आवश्यकता अनुसार विदेशमा पनि विज्ञापन एजेन्सी, विज्ञापन सङ्कलन केन्द्र र विज्ञापन प्रतिनिधि नियुक्ति गर्न सकिनेछ ।

छ) समाचार दाता, एजेन्ट र प्रतिनिधिहरू मार्फत सङ्कलन भएको विज्ञापन सम्बन्धी आर्थिक कारोबार संस्थान र विज्ञापन दाताबीच सिधै हुनेछ ।

ज) **विज्ञापन प्रतिनिधि, स्थानीय समाचार दाता तथा एजेन्टहरूलाई दिइने सुविधा :**

१. संस्थानसँग विज्ञापन कारोबार गर्ने विज्ञापन सङ्कलन केन्द्र र एजेन्टलाई १५% एजेन्सी छुट उपलब्ध गराइने छ भने विज्ञापन/बजार प्रतिनिधिहरूलाई १५% कमिशन दिइनेछ ।

२. नियम ८ को उपनियम ज(१) मा उल्लेखित पक्षले प्रकाशित विज्ञापनको बिलको रकम संस्थानको नाममा विज्ञापन दाताबाट नगद/चेक वा बैंक ड्राफ्ट प्राप्त गरी बिलको पूरै रकम संस्थानमा पठाउनुपर्नेछ । स्थानीय समाचार दाताको हकमा विज्ञापन दाताबाट संस्थानको नाममा एकाउन्टपेयी चेक वा ड्राफ्टबाट वा प्रचलित प्रविधिबाट भुक्तानीका लागि व्यवस्था गर्न लगाउनुपर्नेछ ।

३. बिल अनुसारको रकम भुक्तानी संस्थानमा प्राप्त भएपछि मात्र निर्धारित कमिसन प्रदान गरिनेछ । बिलको रकम भुक्तानी प्राप्त नभई कमिसन प्रदान गरिने छैन ।

४. नियम ८ को ज (१) मा उल्लेखित पक्षलाई संस्थानबाट कुनै रकम भुक्तानी दिनुपर्ने भएमा लिनुदिनु पर्ने हिसाब मिलान गर्न सकिनेछ ।

५. विज्ञापन प्रतिनिधि/समाचारदाता मार्फत प्राप्त भएको विज्ञापन बिल गरेको मितिले एक वर्षभित्र असुल उपर गरिनुपर्नेछ । अन्यथा निजसँग लिन बाँकी राखिने छ । तत्पश्चात असुल उपर हुँदा निजलाई कमिशन उपलब्ध गराइने छैन ।

## ९. सिधा सम्पर्क

क) संस्थानको व्यापार विभागले विज्ञापनको स्रोत पहिचान, नियमित रूपमा विज्ञापन दातासँग भेटघाट, सम्पर्क र विज्ञापन सङ्कलन गर्ने काम गर्नेछ ।

ख) संस्थानका मातहतका कार्यालयले विज्ञापन सङ्कलनसम्बन्धी काम गर्नेछ ।

ग) संस्थानका कर्मचारीहरूलाई पनि विज्ञापन सङ्कलनका लागि प्रोत्साहन गरिनेछ ।

## १०. विज्ञापन दर र छुट सुविधा :

१) क) संस्थानका प्रकाशनहरूको विज्ञापन दर सञ्चालक समितिले निर्धारण गरे अनुसारको हुनेछ ।

ख) विदेश तथा स्वदेशका जुनसुकै विज्ञापनलाई एउटै विज्ञापन दर कायम गरिने छ ।

ग) कुनै पनि विज्ञापनको साइज से.मी. को शेष रहन आएमा माथिल्लो से.मी. गणना गरी सोहीअनुसार शुल्क लिइनेछ ।

(२) क) संस्थानका प्रकाशनहरुमा विज्ञापन प्रकाशन गरे बापत २५% संस्थागत छुट सरकारी तथा निजि क्षेत्रका सम्पूर्ण कार्यलयलाई उपलब्ध गराइनेछ ।

ख) समवेदना, मान्छे हरायो, मान्छे पाइयो आदि । जस्ता विज्ञापनहरुको मानवीय पक्षसँग सरोकार राख्ने भएकोले र यस्ता विज्ञापनहरु संस्थानका प्रकाशनहरूमा आकर्षित गर्न सरकारी कार्यालय, संघ–संस्थाहरु र व्यक्तिगतरुपबाट सोझै संस्थानमा उपलब्ध गराइएमा त्यस्ता विज्ञापनहरुमा ५० प्रतिशत छुट र विज्ञापन एजेन्सीहरुमार्फत हुँदा समेत ५० प्रतिशत छुट उपलब्ध हुनेछ ।

## ११. अनलाइन विज्ञापन

क) संस्थानको अनलाइन संस्करणमा अनलाइन विज्ञापन प्रकाशन/प्रसारण गरिनेछ ।

ख) अनलाइन संस्करणको विज्ञापनको दररेट संस्थानले निर्धारिण गरे अनुसार हुनेछ ।

ग) संस्थानले प्रचलित सोसियल मिडिया Facebook, Twitter, Tiktok, Youtube लगायत आफ्ना एकाउन्ट मार्फत प्रकाशनहरु प्रकाशन तथा प्रकाशरण गर्न र्निधारित दर रेटमा सहमतिबाट सम्बन्धित एजेन्सीसँग द्विपक्षीय सम्झौता गर्न सक्नेछ ।

## १२. विज्ञापन एवं वितरण अनुगमन तथा निर्देशन उपसमिति :

क) विज्ञापन सङ्कलन र प्रकाशन कार्यको अनुगमन, स्रोत पहिचान र रणनीति निर्माण गरी यो निर्देशिकालाई

बढी प्रभावकारी बनाउने र विज्ञापनबाट प्राप्त हुने आयलाई वृद्धि गर्नका लागि एउटा विज्ञापन अनुगमन/निर्देशन उपसमिति रहनेछ।

ख) यो उपसमितिको संयोजकमा कार्यालय प्रमुख वा निजले तोकेको वरिष्ठ अधिकृत र सदस्यहरूमा व्यापार विभागका निर्देशक, विज्ञापन शाखा प्रमुख (सदस्य सचिव), व्यापार प्रवर्द्धन शाखाका प्रमुख सदस्य, आम्दानी तथा बिलिङ शाखाका प्रमुख सदस्य र आवश्यक्ता अनुसारका प्रकाशन शाखाहरूबाट प्रतिनिधि आमन्त्रण गर्न सकिनेछ।

ग) **उपसमितिको काम कर्तव्य, अधिकार**

१) निर्देशिका अनुसारको काम भए नभएको अनुगमन गर्ने र सम्बन्धित विभागलाई निर्देशन दिने,
२) संस्थान प्रमुखलाई आवश्यक सल्लाह दिने,
३) विज्ञापन दरको समीक्षा गर्ने र संशोधनका लागि सुझाव दिने,
४) विज्ञापनका स्रोतको पहिचान गर्ने,
५) विज्ञापन सङ्कलन सम्बन्धी आवश्यक रणनीति तयार गर्ने,
६) विज्ञापनसँग सम्बन्धित सम्पादकीय सामग्री प्रकाशन सम्बन्धी रणनीति तयार गर्ने,
७) विशेष अङ्कको विषय छनौट, विज्ञापन सङ्कलनको योजना, रणनीति तयार गर्ने र त्यसै अनुरूपको व्यवस्था मिलाउने।
८) विज्ञापन सङ्कलन सम्बन्धी कार्य, विज्ञापन आयको मासिक रूपमा समीक्षा गर्ने र भावी रणनीति, योजना बनाउने।
९) विज्ञापन सम्बन्धी वार्षिक योजना, कार्यक्रम र रणनीति बनाउने।
१०) विज्ञापन एजेन्सी, विज्ञापन सङ्कलन केन्द्र र विज्ञापन प्रतिनिधिहरूको मूल्याङ्कनको मापदण्ड तयार गर्ने र नियमित रूपमा मूल्याङ्कन गर्ने।
११) मापदण्ड अनुसारको काम नगर्ने एजेन्सी, केन्द्र र प्रतिनिधिलाई कारबाही गर्न, कालोसूचीमा राख्न र तिनीहरूले ल्याएको विज्ञापन प्रकाशन नगर्न समिति समक्ष सुझाव पेस गर्ने।

घ) विविध विषयमा विशेषाङ्क प्रकाशन गर्दा, संस्थानको वार्षिकोत्सव लगायतका अवसरमा प्राप्त हुने शुभकामना विज्ञापनमा विशेषछुट उपलब्ध गराइनेछ। सोको लागि व्यापार विभागबाट कार्ययोजना सहित प्रस्ताव पेस गर्नुपर्नेछ।

ङ) उपसमितिको बैठक कम्तीमा महिनाको एकपटक बस्नेछ।

च) उप–समितिका सदस्यहरूको सुविधा अन्य उप समिति सरह हुनेछ।

## १३. आचार संहिता :

क) विज्ञापनलाई समाचारका रूपमा प्रकाशन गर्नु हुँदैन।
ख) गलत तरिका अपनाएर विज्ञापन दातालाई विज्ञापन दिने सर्तमा विज्ञापन स्वीकार गर्नु हुँदैन।
ग) सम्पादकीय सामग्री प्रकाशन गरिदिने वा नगरिदिने सर्तमा विज्ञापन स्वीकार गर्नु हुँदैन।
घ) कुनै विज्ञापन दाताले प्रकाशनका लागि लाग्ने शुल्क तिरेपछि यदि त्यो विज्ञापन संस्थानको नीति अनुकूल

छैन भने प्रकाशन गर्नु हुँदैन ।

ङ) पाठक/उपभोक्ताको हितलाई सर्वोपरि ठानिनु पर्छ ।

च) अस्वस्थ प्रतिस्पर्धालाई प्रश्रय दिनुहुँदैन ।

## १४. दीर्घकालीन नीति

(क) स्वदेश र विदेशमा विज्ञापन सङ्कलनका लागि संस्थानका प्रकाशनहरू विक्री, वितरण गर्ने एजेन्ट, संस्थानका समाचार दाता, एवं विज्ञापन प्रतिनिधि, सङ्कलन केन्द्रको व्यवस्था गरिनेछ ।

ख) संस्थानका प्रकाशनहरूलाई बढी पठनीय, लोकप्रिय बनाइनेछ ।

ग) संस्थानका प्रकाशनहरूको वितरण प्रणाली सुदृढ पारिने र समयमै पाठकको हातमा पुग्ने कुराको सुनिश्चित गरिनेछ ।

घ) संस्थानका प्रकाशनहरूको उत्पादन लागत कम गरिनेछ ।

ङ) संस्थानसँग कारोबार गरिरहेका विज्ञापन दाताहरूसँगको सम्पर्क कायमै राख्ने र नयाँ विज्ञापन दाताहरूलाई संस्थानका प्रकाशनहरूप्रति आकर्षित गराउने नीति अवलम्बन गरिनेछ ।

च) बढीभन्दा बढी पाठक र विज्ञापन दातालाई संस्थानका प्रकाशनप्रति आकर्षित गर्न समयसमयमा विभिन्न आकर्षक कार्यक्रमहरू सञ्चालन गर्ने र उपहार, छुट, प्रोत्साहनको व्यवस्था गर्ने नीति अपनाइनेछ ।

छ) लोककल्याणकारी विज्ञापनलगायत व्यावसायिक विज्ञापनको प्रवाह वृद्धि गरिनेछ ।

ज) छपाईको गुणस्तरलाई प्रतिस्पर्धी बनाइनेछ ।

झ) व्यापार विभागलाई आधुनिक सुविधा सम्पन्न बनाइनेछ ।

ञ) दक्ष र विषयगत ज्ञान भएका व्यक्तिलाई नियुक्ति गर्ने, विज्ञापनसँग सम्बन्धित विषय अध्यन गरेका जनशक्तिलाई नियुक्ति गर्ने नीति लिइनेछ र कार्यरत जनशक्तिलाई तालिमको व्यवस्था गरिनेछ ।

ट) प्रत्येक प्रकाशन र अनलाइन संस्करणलाई कम्तीमा खर्च धान्न सक्ने (Break Even) मा पुऱ्याइनेछ ।

ठ) सम्पादकीय सामग्रीलाई विज्ञापनको प्रभावबाट मुक्त राखेर सम्पादकीय स्वतन्त्रताको संरक्षण गरिनेछ ।

## १५. विज्ञापन छपाई सम्बन्धी विवादको निरूपण

क) विज्ञापन प्रकाशन गर्दा संस्थानको तर्फबाट कुनै कारणवश गल्ती भएको तर अर्को अर्थ नलाग्ने गरी प्रकाशन भएको विज्ञापनमा निःशुल्क संशोधन सूचना निकालिनेछ। अधिकांश नबुझिने, अस्पष्ट वा अर्को अर्थ लाग्ने गरी छापिएमा पूरै सच्याई सबै विषयवस्तु निःशुल्क पुनः प्रकाशित गरिनेछ ।

ख) तोकिएको मितिमा छाप्ने गरी लिइएको विज्ञापन कुनै कारणवश उक्त मितिमा नछापिएमा विज्ञापन दाताको सहमतिमा त्यसको नजिकको उपयुक्त मितिमा छापिनेछ। यसो हुँदा अतिरिक्त शुल्क लिइने छैन।

ग) यस निर्देशिकाको पालनाको सिलसिलामा कुनै विवाद उत्पन्न भएमा दुवै पक्षको आपसी सहमतिबाट समाधान गरिनेछ ।

घ) कुनैपनि सार्वजनिक सूचना प्रकाशनपछि विज्ञापनदताको गल्तीले संशोधन सूचना प्रकाशित गर्नु परेमा

विज्ञापन दाताको निवेदन माग भई आएको खण्डमा त्यस्तो संशोधन सूचनामा अधिकतम ५०% छुट दिन सकिनेछ ।

## १६. पुरानो बाँकी बक्यौता असुलउपर गर्ने

क) लामो समयसम्म विज्ञापन प्रकाशनको भूक्तानी नगर्ने, संस्थानको सम्पर्कमा नआउने वा सम्पर्कमा आएर पनि बाँकी रकम भुक्तानी नगर्नेलाई आवश्यक कानूनी प्रक्रिया अपनाएर संस्थानको बाँकी रकम असुलउपर गरिनेछ ।

ख) यस्तो बाँकी बक्यौता उठाउनका लागि सञ्चालक समितिको निर्णयबाट निश्चित रकम छुट दिन सकिनेछ ।

ग) संस्थानले निर्धारण गरेको बाँकी बक्यौता रकम असुल/उपर गरिदिने पक्षलाई प्रोत्सान स्वरुप उपयुक्त मापदण्डका आधारमा उचित पारिश्रमिक प्रदान गर्न गरिनेछ ।

## १७. विशेष व्यवस्था

विदेशमा विज्ञापन एजेन्सी, विज्ञापन प्रतिनिधि, विज्ञापन सङ्कलन केन्द्र एजेन्टहरूलाई विज्ञापन सङ्कलन सम्बन्धी कार्य गराउन निजहरूसँग छुट्टै करार गर्न सकिनेछ । निजहरूसँग हुने कारोबारको व्यवस्था सोही करारबमोजिम हुनेछ ।

## १८. अन्य व्यवस्था

क) यस निर्देशिकामा उल्लेख भएका विषयहरूमा यही निर्देशिका बमोजिम र यसमा उल्लेख नभएका विषयहरूमा सञ्चालक समितिको निर्णय बमोजिम हुनेछ ।

ख) यो निर्देशिका पूर्ण रूपमा लागू हुनेछ ।

ग) निर्देशिकामा भएको व्यवस्थालाई संशोधन वा थपघट गर्न सञ्चालक समितिबाट संशोधन गर्न सकिनेछ ।

## १९. विशेष अधिकारको व्यवस्था :

विज्ञापन प्रकाशनमा विशेष प्रयोजनका लागि संस्थान प्रमुखबाट विशेष अधिकार प्रयोग गर्न सकिनेछ । त्यसलाई सञ्चालक समितिबाट अनुमोदन गराउनुपर्नेछ ।

## २०. खारेजी र बचाउ

क) यो निर्देशिका–२०५३ (परिमार्जित सहित संशोधन निर्देशिका–२०७८) बमोजिम भए गरेका काम कारबाहीहरू यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

ख) यो निर्देशिकाका प्रावधानहरू प्रचलित ऐन, कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

ग) यो निर्देशिका लागू भएपछि यसअधिको निर्देशिका स्वतः खारेज हुनेछ ।

# अनुसूचीहरू

१. एजेन्सी नियुक्तिको लागि दरखास्त फाराम
२. विज्ञापन एजेन्सीसँगको करारनामा पत्र
३. विज्ञापन एजेन्सीलाई दिइने प्रमाणपत्र

अनुसूची : १

# दरखास्तको ढाँचा

श्री गोरखापत्र संस्थान
धर्मपथ, काठमाडौं ।

विषय : **विज्ञापन एजेन्सी हुन पाऊँ ।**

त्यस संस्थानका प्रकाशनहरूमा विज्ञापन प्रकाशनार्थ एजेन्सी मान्यताका लागि देहाय बमोजिमको व्यहोरा खोलि रु. ..................................... धरौटीस्वरूप जम्मा गरी यो दरखास्त पेस गरेको छु/छौँ । एजेन्सी भई संस्थानको विज्ञापन सङ्कलन, प्रकाशन एवं विज्ञापन सम्बन्धी निर्देशिका २०५३ (परिमार्जितसहित संशोधित निर्देशिका २०८२) को अधीनमा रही विज्ञापन प्रकाशित गर्ने कार्य गर्न मञ्जुर छु/छौं । साथै संस्थानमा एजेन्सी दर्ता हुनका लागि आवश्यक पर्ने कागजात यसै निवेदन साथ संलग्न राखी पेस गरेको छु/छौं ।

**संलग्न कागजातहरू :**

१.
२.
३.
४.
५.

उपर्युक्त व्यहोरा ठीक साँचो छ । झुठा ठहरे कानुनबमोजिम सहुँला बुझाउँला ।

मिति : **भवदीय**

सही : ............................
नाम : .............................
पद : ..............................
ठेगाना : ............................

(**एजेन्सीको छाप**)

## अनुसूची : २

# 'करारनामा'

लिखितम का.म.न.पा. वडा नं. २२ धर्मपथ, काठमाडौंस्थित गोरखापत्र संस्थानका तर्फबाट अख्तियार प्राप्त (जसलाई यस करारनामामा प्रथमपक्ष भनिएको छ) र ............................................ विज्ञापन एजेन्सीका प्रोप्राइटर श्री/श्रीमती............................................................को नाति/नातिनी, श्री/श्रीमती..................................................को छोरा/छोरी............................................अञ्चल......................... ...........जिल्ला.............................नपा/गाविस........................................... वडा नं. .............. घर/ब्लक नं. .......................... टोल.......................................... बस्ने श्री/श्रीमती/सुश्री.................................................................. विज्ञपान एजेन्सीको तर्फबाट अख्तियार सञ्चालक (जसलाई यस करारनामामा दोस्रो पक्ष भनिएको छ) मुलुकी देवानी संहिता–२०७४ र गोरखापत्र संस्थान विज्ञापन सङ्कलन/प्रकाशन एवं एजेन्सी सम्बन्धी निर्देशिका २०८२ अनुसार तपसिलका शर्त, बन्देज अन्तर्गत गर्ने गराउने गरी यो करारनामा–पत्र दुवै पक्षको आपसी मञ्जुरीका आधारमा आजका मिति .................................... मा प्रथम पक्षकै कार्यालयमा बसी यो करारनामाको कागज गरी एक/एक प्रति बुझिलियौं/दियौं ।

**सर्तनामा तथा बन्देजहरू :**

१. प्रथम पक्षले आफ्ना दैनिक तथा मासिक प्रकाशनहरूमा दोस्रो पक्षले संस्थानको नियमानुसार प्रकाशन गर्न ल्याएका विज्ञापन सामग्रीहरू प्रकाशित गरिदिनु पर्नेछ ।

२. गोरखापत्र संस्थान विज्ञापन सङ्कलन/प्रकाशन एवं विज्ञापन एजेन्सी सम्बन्धी निर्देशिका २०८२ मा उल्लेख भएका जति सोही नियमबमोजिम हुनेछ । सो निर्देशिकामा उल्लेखित नभएका विज्ञापन सम्बन्धी अन्य कार्य गर्ने वा नगर्ने सम्पूर्ण अधिकार प्रथमपक्षलाई हुनेछ ।

३. कुनै पक्षले प्रत्यक्षरूपमा कुनै पनि पक्षलाई अहित हुने कुनै पनि कार्य गरेमा मुलुकी देवानी संहिता–२०७४ र गोरखापत्र संस्थान विज्ञापन सङ्कलन/प्रकाशन एवं एजेन्सी सम्बन्धी निर्देशिका २०८२ बमोजिम कारबाही गरिनेछ ।

४. दोस्रोपक्षले यो करारनामा र विज्ञापन निर्देशिका बमोजिम कार्य गर्नुपर्नेछ ।

५. गोरखापत्र संस्थान विज्ञापन सङ्कलन/प्रकाशन एवं एजेन्सी सम्बन्धी निर्देशिका २०८२ बमोजिमको शर्तहरू परिपालना गरेसम्मका लागि यो करार (सम्झौता) बमोजिम गरेको मानिनेछ ।

६. प्रथमपक्षको दोस्रोपक्षबाट उधारो रकम असुलउपर गर्नुपरे दोस्रोपक्षको धरौटीबाट कट्टा गरी असुलउपर गर्नेछ र धरौटीबाट पनि नपुग भए दोस्रोपक्षको चल, अचल सम्पत्ति तथा घरघरानाबाट नेपाल सरकारको प्रचलित नियम, कानुन बमोजिम प्रथमपक्षले बाँकी रकम असुलउपर गर्न पाउनेछ ।

७. यस करारको अवधि विज्ञापन एजेन्सी निर्देशिका अनुसार नवीकरण गरेको अवधिसम्म र संस्थानसँग भएको कारोबार चुक्ता नभएसम्म कायम रहेको मानिनेछ ।

८. यस करारनामाको पालनाका सिलसिलामा कुनै विवाद उत्पन्न भएमा दुवै पक्षको आपसी सहमतिबाट समाधान गरिनेछ । उपरोक्त सर्त, बन्देज बमोजिम गर्ने/गराउने दुवै पक्षको मञ्जुरी भई यो करारनामाको दुवै प्रतिमा राजीखुशीका साथ साक्षीका रोहवरमा सहीछाप गरेका छौं ।

| **प्रथम पक्ष** | **दोस्रो पक्ष** |
|---|---|
| गोरखापत्र संस्थानको तर्फबाट | एजेन्सीको तर्फबाट |
| नाम, थर : | नाम, थर : |
| दस्तखत : | दस्तखत : |
| पद : | पद : |
| कार्यालय : | कार्यालय : |
| मिति : | मिति : |
| साक्षी : | साक्षी : |
| १. | १. |
| २. | २. |

अनुसूची : ३

**प्रकाशनहरू :**

गोरखापत्र (नेपाली दैनिक)
दि राइजिङ नेपाल (अङ्ग्रेजी दैनिक)
मधुपर्क (नेपाली साहित्यिक मासिक)
युवामञ्च (नेपाली मासिक)
मुना (बाल पत्रिका, नेपाली मासिक)
अनलाइन संस्करण

प्र.प्र.नं.

## विज्ञापन एजेन्सीको प्रमाणपत्र

श्री ................................................... लाई यस संस्थानको विज्ञापन प्रकाशन एवं एजेन्सी सम्बन्धी निर्देशिका २०५३ (परिमार्जन सहित संशोधित निर्देशिका-२०८२) अनुसार संस्थानको विज्ञापन एजेन्सी मान्यता दिइएकोले यो प्रमाणपत्र प्रदान गरिएको छ । यो प्रमाणपत्रको अवधि .................................... साल असार मसान्तसम्म रहनेछ ।

मिति : ..................................

**व्यापार विभाग**

प्रकाशनहरू :
गोरखापत्र (नेपाली दैनिक)
दि राइजिङ नेपाल (अङ्ग्रेजी दैनिक)
मधुपर्क (नेपाली साहित्यिक मासिक)
युवामञ्च (नेपाली मासिक)
मुना (बाल पत्रिका, नेपाली मासिक)
अनलाइन संस्करण

प्र.प्र.नं.

# गोरखापत्र संस्थान

धर्मपथ, काठमाडौं

## विज्ञापन एजेन्सीको प्रमाणपत्र

श्री ..................................................... लाई यस संस्थानको विज्ञापन प्रकाशन एवं विज्ञापन एजेन्सी सम्बन्धी निर्देशिका २०५३ (परिमार्जन सहित संशोधित निर्देशिका-२०८२) अनुसार संस्थानको विज्ञापन एजेन्सी मान्यता दिइएकोले यो प्रमाणपत्र प्रदान गरिएको छ। यो प्रमाणपत्रको अवधि ..................................... साल असार मसान्तसम्म रहनेछ।

मिति :..................................

**व्यापार विभाग**

| गोरखापत्र संस्थानका टेलिफोन नम्बरहरू | |
|---|---|
| कार्यकारी अध्यक्ष | ५३२६३८६, ५३२३९०२ |
| महाप्रबन्धक | ५९१३०६६, ५९१३१६६ |
| प्रधान सम्पादक (गोरखापत्र) | ५३१८३१४ |
| प्रधान सम्पादक (दि रा.ने.) | ५३२२२७९ |
| सम्पादक (मधुपर्क) | ५३४४४३५ |
| सम्पादक (युवामञ्च) | ५३५७९३१ |
| सम्पादक (मुना) | ५३५०२७२ |
| नयाँ नेपाल | ५३२५७६९ |
| प्रशासन विभाग | ५३२२५८४ |
| व्यापार विभाग | ५३२७४९३, ५३३१३९४ |
| वितरण विभाग | ५३२२५९९ |
| उत्पादन विभाग | ५३२२५८४ |
| अर्थ विभाग | ५३२२५४१ |